# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लालबन्दी, सर्लाही
## मधेश प्रदेश, नेपाल

लालबन्दी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

**प्रधानाध्यापकको पदपूर्ति गर्ने सम्वन्धि सूचना।**

**प्रकाशित मिति :- २०७९।११।२६**

लालबन्दी नगरपालिकाको प्रधानाध्यापक छनोट तथा नियुक्ति सम्बन्धी कार्यबिधि २०७९ बमोजिम यस नगरपालिकाका सबै तहका सामुदायिक विद्यालयहरुमा योग्य र प्रतिष्पर्धी प्रधानाध्यापकको व्यवस्थापन गर्न देहायको योग्यता पुगेका कार्यरत स्थायी शिक्षकहरुबाट विद्यालय विकास प्रस्ताव सहित निवेदन आब्हान गरिएको छ।

१. **आवश्यक योग्यता:** लालबन्दी नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा कार्यरत सम्बन्धित तहमा स्थायी नियुक्ति भै कम्तीमा परीक्षण काल पूरा गरेका शिक्षकहरु हुनुपर्नेछ।

क. कक्षा १-५ सञ्चालित आधारभुत विद्यालयका लागिः शिक्षा शास्त्र विषयमा कम्तीमा १२ कक्षा वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको।

ख. कक्षा १-८ सञ्चालित आधारभुत विद्यालयका लागिः शिक्षा शास्त्र विषयमा कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण गरेको।

ग. माध्यामिक विद्यालयका लागिः शिक्षा शास्त्र विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको।

२. **निवेदन दिने अबधीः** सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र।

३. **आवश्यक कागजातः** निवेदनसाथ उम्मेदवारले आफु प्रधानाध्यापक हुन चाहेको नगरपालिकाभित्रको कुनै एक विद्यालयको ५ वर्षे आवधिक विद्यालय विकास प्रस्ताव, शैक्षिक योग्यताको प्रमाण पत्र, तालिमको प्रमाणपत्र, नियुक्ति पत्र तथा बढुवा नियुक्तिको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ, विकास प्रस्ताव खामवन्दी हुनुपर्ने छ।

४. विद्यालय विकास प्रस्ताव प्रधानअध्यापक छनौट तथा नियुक्ति कार्यविधि २०७९ को परिच्छेद ३ को दफा ५ को खण्ड "ख" वमोजिमको हुनुपर्नेछ।

५. उम्मेदवारले एक भन्दा बढि विद्यालयको लागि विकास प्रस्ताव पेश गर्न सक्ने छैन।

६. विकास प्रस्ताव प्रस्तुतीकरण र अन्तवार्ताको लागि अर्को सूचना प्रकाशन गरिनेछ।

७. प्रधाध्यापक छनौट समितिवाट प्राप्त मूल्याङ्कनको समष्टिगतको आधारमा विद्यालयगत योग्यताक्रमको सूची प्रकाशन गरी निजको रोजाईको प्राथमिकताका आधारमा सबैभन्दा बढी अंक प्राप्त गर्ने उमम्मेद्वारलाई दफा ५ को खण्ड ख वमोजिमको ढाँचामा निजले पेश गरेको विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरु समयवद्ध रुपमा पूरा गर्ने कार्यसम्पादन करार गराई प्रमुख प्रशासकीय अधिकृतले प्रधानाध्यापक पदमा नियुक्ति तथा पदस्थापन गर्नेछ। साथै निजले छनोट प्रक्रियामा पेश गरेको विद्यालय बिकास प्रस्ताव वमोजिम नियुक्ति नपाएमा अन्य विद्यालयमा खटाइनेछ। अन्य विद्यालयमा खटाइएको अवस्थामा निज प्र.अ. नियुक्ति भएको मितिले ३० दिन भित्र उक्त विद्यालयको विद्यालय बिकास प्रस्ताव पेश गर्नुपर्ने छ।

८. यो सूचना एकमुष्ट अनुदानवाट सञ्चालन हुने विद्यालय र नवजीवन विद्याश्रम माध्यमिक विद्यालयको हकमा लागू हुने छैन।

.......................

छनौट समिति